**पूर्वाञ्चल विश्वविद्यालय**

**जि.पि. कोइराला कलेज अफ एग्रीकल्चर एण्ड रिसर्च सेन्टर(GPCAR)/**

**कलेज अफ इन्भारोमेन्ट एण्ड फेरेष्ट्री(PUCEF)**

**गोठगाउँ,मोरंग**

**स्नातक तह ( B.Sc.(Hons.) Ag / B.Sc. forestry ) ४ वर्षे शैक्षिक कार्यक्रममा**

**प्रवेश परीक्षाको अनलाइन (Online) आवेदन फारम भर्ने सम्बन्धी सूचना :**

**मिति : २०८०/०४/३२ गते (विहिवार)**

पूर्वाञ्चल विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय अन्तर्गत मोरंग जिल्लाको सुन्दरहरैचा नगरपालिकामा अवस्थित आंगिक क्याम्पस जि.पि. कोइराला कलेज अफ एग्रीकल्चर एण्ड रिसर्च सेन्टर(GPCAR)/ कलेज अफ इन्भारोमेन्ट एण्ड फेरेष्ट्री (PUCEF) क्याम्पसमा B.Sc.(Hons.) Ag / B.Sc.forestry शैक्षिक कार्यक्रमहरुमा शैक्षिक शत्र २०८०/०८१ (सन २०२३) का लागि नयाँ भर्नाको प्रवेश परीक्षाका लागि अनलाइ(Online) आवेदन फारम आहवान गरिएको छ । विश्वविद्यालयले तोकेको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका इच्छुक विद्यार्थीहरुले यस क्याम्पसका शैक्षिक कार्यक्रम छनौट गरी Online फारमको विवरण भरी सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरु र पासपोर्ट साइजको फोटोको Scan copy समेत Attach गरी तोकिएको दस्तुर सहित सम्बन्धित संकायमा online payment मार्फत आवेदन फारम भर्ने व्यवस्था मिलाइएको छ । नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा निकाय/संस्थाबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको Scan copy अनिवार्यरुपले Attach गर्नु पर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**तपशिल :** १. **ONLINE आवेदनका लागि Website :** https://entrance.pufost.edu.np/studentlogin

२. आवेदन फारम शुल्क (सेवा शुल्क बाहेक ) : रु, १,५००।०० (एक हजार पाँच सय मात्र)

३ दोब्बर दस्तुर (सेवा शुल्क बाहेक ) : रु, ३०००।०० (तीन हजार मात्र)

४. **आवेदन भर्ने सम्बन्धी अन्य व्यवस्था :**

(क) इच्छुक आवेदक परीक्षार्थीहरुले यस कलेजमा भर्ना हुन चाहेका शैक्षिक कार्यक्रम छनौट गरी online मार्फत प्रवेश परीक्षा फारम भरेपछि तोकिएको दस्तुर तिरी मिति २०८०/०५/३१ गतेसम्म र दोब्बर दस्तुर तिरी मिति २०८०/०६/०५ गतेसम्म आवश्यक कागजातहरुको सक्कल प्रति Scanned copy Attach गरी JPEG/JPG/PNG Format मा Upload गर्नु पर्नेछ ।

(ख) नियमानुसार तोकिएको शुल्क तथा आवश्यक कागजातहरु Upload नगर्ने विद्यार्थीहरुको फारम स्वीकृत हुने छैन ।

(ग) रीत नपुगी आएका आवेदन फारम तथा तोकिएका कागजातहरु पूरा नभएका परीक्षाथीहरुको फारम रद्द भएमा सोको जिम्मेवार सम्बन्धित परीक्षार्थी नै हुनेछ ।

(घ) न्यूनतम योग्यताः I.Sc.Ag/+२ विज्ञान विषयमा कम्तीमा ४५% वा GPA 2.00 प्राप्त गरेको हुनुपर्नेछ ।

**नोट : प्रवश परीक्षा सम्बन्धी अन्य जानकारीका लागि मो.नं. ९८५२०२३४०० र ९८२०७२५१११ मा विदाका दिन बाहेक विहान १०: ०० बजे देखि दिउसो ०५:०० बजे सम्म सम्पर्क गर्न सकिने छ ।**

**प्रवश परीक्षा समिति**